# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर, नेपाल

सूचना नं.: १६-२०८०/०८१ मिति : २०८०/०६/१७

**विषय : टोल विकास संस्थाहरुको लेखापरीक्षण गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा गाउँ कार्यपालिकाको बैठक संख्या ९७-०२-२०८०/०८० मिति २०८०/०५/३१ गतेको निर्णय बमोजिम यस गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि ऐन, २०७८ को दफा १८ को उपदफा २ बमोजिम संस्थाको लेखापरीण गाउँ कार्यपालिकाको कार्यालयले गराउने भनि निर्णय भएको र यस कार्यालयको मिति २०८०/०६/१७ कव निर्णय अनुसार सार्वजनि खरिद नियमावली २०६४ को नियम ८२ को आधारमा सोझै वार्ताको माध्यमद्वारा खरिद गरिने निर्णय भएकोले निम्न शर्तहरुको अधिनमा रहि टोल विकास संस्थाहरुको लेखापरीक्षण गर्न ईच्छुक यस गाउँपालिकामा सूचिकृत लेखापरीक्षकलाई आजका मितिले ३ दिन भित्र कार्यालय समयमा निवेदन पेश गर्नको लागी यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. टोल विकास संस्थाहरुको लेखापरीक्षण गर्दा सम्बन्धित वडामा गई लेखापरीक्षण गर्नुपर्ने छ।
२. लेखापरीक्षण प्रतिवेदन १ प्रति गाउँपालिकामा, १ प्रति सम्बन्धित वडामा र २ प्रति सम्बन्धित टोल विकास संस्थामा उपलब्ध गराउनुपर्ने छ।
३. टोल विकास संस्थाको दुबै आ.व. को लेखापरिक्षण गर्नु पर्ने तर लेखापरिक्षण प्रतिवदनमा भने एउटै प्रतिवेदनमा समावेश गरी प्रतिवेदन पेश गर्दा फरक नपर्ने।
४. लेखापरीक्षणको कार्य सम्पन्न गरी प्रतिवेदन बुझाइसकेपछि सम्बन्धित टोल विकास संस्था र वडाको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको कार्यालयबाट नियम अनुसार कट्टा गर्नुपर्ने कर कट्टी गरी भुक्तानी दिइनेछ।
५. टोल विकास संस्थाको हाल सम्मको लेखापरीक्षण गरे वापत प्रतिटोल विकास संस्थाको लेखापरीक्षण पारिश्रमिक बढीमा रु ५०००।० मात्र भुक्तानी हुनेछ।
६. लेखापरीक्षकले जतिवटा टोल विकास संस्थाको लेखापरीक्षण गरेको छ सोही अनुरुपमात्र पारिश्रमिक भुक्तानी हुनेछ।

**लेखपरिक्षणको लागी समय तालिका :**

| क्र.स. | मिति | वडा नं. |
|---|---|---|
| १ | २०८० असोज २६ | वडा नं. ४,६ र ५ |
| २ | २०८० असोज २७ | वडा नं. १,२ र ३ |
| ४ | २०८०/०६/३० सम्म | प्रतिवेदन तयारी गरी बुझाउने |

सुमन लिङ्देन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत